नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली जाजरकोट

कर्णाली प्रदेश नेपाल
इमेल :- ito.nalgaadmun@gmail.com

पत्र संख्या :- ०७९/०८०
चलानी नं.:- ६५३

मिति :- २०७९।०८।०९

ईन्जिनियर करार सेवामा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७९।०८।०९ गते

यस नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०७९।०८।०९ गतेको निर्णयानुसार नलगाड नगरपालिका अन्तरगत रिक्त रहेको ईन्जिनियर (अधिकृतस्तर छैठौं वा सो सरह) पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन भित्र बेलुका ४:०० बजेसम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फाराम यस नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ र म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. माग गरिएका पद :-

| क्र.स. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | ईन्जिनियर (अधिकृतस्तर छैठौं) | १ (एक) | |

२. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

क. सिभिल इन्जिनियरिङ्गमा स्नातक तह उर्तिण भएको

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)

ग. आधारभुत कम्प्यूटर सीप सम्बन्धि कम्तीमा ३ महिनाको तालिम लिएको

घ. अनुभव :- कम्तीमा २ वर्ष

३. दरखास्त दिने स्थान :- प्रशासन, योजना तथा अनुगमन शाखा नलगाड नगरपालिका दल्ली

४. दरखास्त दिने अन्तिम मिति :- २०७९।०८।२३ गते उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन

५. आवेदन दस्तुर :- रु.१०००। (एक हजार रुपैया मात्र)

६. छनौटको किसिम :- लिखित परिक्षा र अन्तरवार्ता

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

(क) नागरिकता (ख) न्यूनतम योग्यताको लब्धाङ्ग प्रमाणपत्र (ग) चारित्रिक प्रमाण पत्र (घ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात (ङ) तालिमहरुको प्रमाणपत्र (च) २ प्रति पासपोर्ट फोटो (छ) नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी

८. सेवा सुविधा तथा अन्य :- कार्यालयको नियमानुसार ।

९. आवेदनको ढाँचा :- **www.nalgaadmun.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

मानबहादुर गिरी
(प्रमुख प्रशासकीय अधिकृत)